# स्थानीय राजपत्र

कञ्चनरुप नगरपालिका, सप्तरीद्वारा प्रकाशित

बर्ष २) संख्याः. २ ) मितिः२०७८ साल कार्तिक ०४ गते


## भाग-१

## "कञ्चनरुप नगरपालिकाको कर्मचारीको स्तरवृद्धि सम्बन्धी ऐन, २०७८"

**प्रस्तावना : -**

नेपालको सबिधान र स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को व्यवस्थालाई समेत मध्यनजर गरी साविक स्थानीय निकायमा स्थायीरुपमा कार्यरत रही कञ्चनरुप नगरपालिकामा समायोजित भएका कर्मचारीको स्तरवृद्धि सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संबिधानको धारा २२१,२२३,२२६,र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजीम कञ्चनरुप नगरपालिकाको पाँचौ नगरसभाले यो ऐन बनाइएको छ ।

**परिच्छेद -१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ :-**(१) यो ऐनको नाम कर्मचारीको स्तर वृद्धि सम्बन्धी ऐन, २०७८ रहेको छ ।

(२) यो ऐनको प्रारम्भ स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा ,

**(क) "नगरपालिका"** भन्नाले कञ्चनरुप नगरपालिकालाई सम्झनु पर्दछ ।

**(ख) "कार्यालय "**भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शब्दले वडा समितिको कार्यालय समेतलाई जनाउँदछ ।

**(ग) "प्रमुख "**भन्नाले कञ्चनरुप नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(घ)**“उप-प्रमुख”**भन्नाले कञ्चनरुप नगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ)**“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियूक्त कञ्चनरुप नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) **“प्रशासकीय संगठन र कर्मचारी दरबन्दी ”** भन्नाले कञ्चनरुप नगरपालिकाको प्रशासकीय संगठन र कर्मचारी दरबन्दी नगरसभाबाट स्वीकृत दरबन्दीका पदलाई सम्झनु पर्दछ ।

(छ) **“कार्यपालिका ”** भन्नाले कञ्चनरुप नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ज) **“नगर सभा”** भन्नाले कञ्चनरुप नगरपालिकाको नगर सभालाई संझनु पर्दछ ।

(झ) **“पदाधिकारी”** भन्नाले कायपालिका को प्रमुख, उप-प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाको अन्य सदस्यलाई सम्झनु पर्दछ ।

(ञ) **“ तोकिएको ” वा“ तोकिएको बमोजिम ”** भन्नाले स्थानीय तह हेर्ने नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्दछ ।

(ट) **“तह तथा स्तर बृद्धि ”** भन्नाले साविक स्थानीय निकाय (गा.बि.स., न.पा.र जि.बि.स.) मा स्थायी नियुक्ति पाई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको स्तर बृद्धि सम्झनु पर्दछ ।

(ठ) **“संबिधान ”** भन्नाले नेपालको संबिधान सम्झनु पर्दछ ।

(ड) **“स्थानीय कानून ”** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४को दफा १०२ बमोजिम नगर सभाले बनाएको कानून सम्झनु पर्दछ ।

(ढ) **“ स्थानीय तह ”** भन्नाले नगरपालिका सम्झनु पर्दछ र सो शब्दले जिल्ला सभालाई समेत जनाउँदछ ।

(ण) **“स्थानीय राजपत्र ”** भन्नाले नगर सभाले बनाएको कानून स्थानीय राजपत्रमा प्रकाशन भन्ने सम्झनु पर्दछ ।

(त) **“स्थायी पदपूर्ति ”** भन्नाले स्थानीय सरकार संचालन ऐन प्रारम्भ हुनु अगाडी कार्यरत करार/अस्थायी कर्मचारीलाई स्थायी पदपूर्ति सम्झनु पर्दछ ।

**परिच्छेद -२**

## तह तथा स्तर बृद्धि सम्बन्धी बिशेषव्यवस्था

३. **स्तर बृद्धि सम्बन्धी बिशेष व्यवस्था :-** (१) कर्मचारी समायोजन ऐन ,२०७५ अनुसार स्तर बृद्धि नपाएका साविक स्थानीय निकाय (गा.बि.स., न.पा. र जि.बि.स.) मा स्थायी नियुक्ति पाई कञ्चनरुप नगरपालिकामा कार्यरत वा समायोजन भएका कर्मचारीहरु मध्ये श्रेणी विहिन कर्मचारीको हकमा ५ (पाँच) बर्ष सेवा अवधी, सहायक स्तर र अधिकृत स्तर कर्मचारीको हकमा ५( पाँच) बर्ष सेवा अवधि पुरा गरेको, आवश्यक शैक्षिक योग्यता पुगेका स्थायी कर्मचारीहरुलाई यो ऐन जारी भए पछि एक पटकको लागि मात्र देहाय बमोजिम स्तर बृद्धि सम्बन्धी बिशेष व्यवस्था अनुसार एक तह माथिको पदमा स्तरबृद्धि गरिनेछ ।

(क) सहायक स्तर प्रथम तह देखि चतुर्थ स्तर सम्मका (कार्यालय सहयोगी ) हाल वहाल रहेको स्तरमा ५ बर्ष सेवा अवधि पुरा गरेका कर्मचारीलाई माथिलो तहमा स्तर बृद्धि गरिनेछ ।

(ख) सहायक स्तर तेश्रो तहमा कार्यरत रहेका कर्मचारीलाई सहायक स्तर चौथौ तहमा स्तर बृद्धि गरिनेछ ।

(ग) सहायकस्तर चौथौ तहमा पाँच बर्ष वा सो भन्दा बढी सेवा अवधि काम गरेका, शैक्षिक योग्यता एस.एल. सी. वा सो सरहको परीक्षा उतिर्ण गरेका कर्मचारीहरुलाई पाँचौ तहमा स्तर बृद्धि गरिनेछ ।

(घ) सहायक स्तर पाँचौ तहमा पाँच बर्ष वा सो भन्दा बढी सेवा अवधि काम गरेका र प्रविणता प्रमाण पत्र तह वा सो सरह शैक्षिक योग्यता भएको कर्मचारीलाई अधिकृतस्तर छैठौं तहमा स्तर बृद्धि गरिनेछ ।

(ङ) अधिकृतस्तर छैटौ तहमा पाँच बर्ष वा सो भन्दा बढी अवधी काम गरेका र स्नातक तह वा सो सरहको शैक्षिक योग्यता भएको कर्मचारीलाई अधिकृत स्तर सातौ तहमा स्तर बृद्धि गरिनेछ ।

(च) अधिकृतस्तर सातौ तहमा पाँच बर्ष वा सो भन्दा बढी काम गरेका र स्नातकोत्तर तह वा सो सरहका शैक्षिक योग्यता भएको कर्मचारीलाई अधिकृत स्तर आठौ तहमा स्तर बृद्धि गरिनेछ ।

(छ) आठौ तहको अधिकृत स्तरको पदमा पाँच बर्ष वा सो भन्दा वढी सेवा अबधि काम गरी शैक्षिक योग्यता स्नातकोत्तर वा सो सरह भए नवौं तहमा स्तर बृद्धि गरिनेछ ।

(ज) नवौ तहमा पाँच बर्ष वा सो भन्दा बढी सेवा अवधि काम गरेका शैक्षिक योग्यता स्नातकोत्तर वा सो सरह भए दशौं तहमा स्तर बृद्धि गरिनेछ ।

(झ) स्तरबृद्धिको प्रक्रिया ऐनको दफा (४ ) बमोजिमको समितिले स्तर बृद्धि सम्बन्धी प्रक्रिया तत्काल अघि बढाउने छ ।

(ञ) तहबृद्धि तथा स्तर बृद्धिको लागि सेवा अवधिकोगणना गर्दा सो को लागि दरखास्त दिने अन्तिम दिन सम्मको अवधिलाई गणना गरिनेछ ।

(ट) यस ऐन बमोजिम हुने तह तथा स्तरबृद्धिको लागि आवेदन फाराम भरी आवेदन दर्ता गराउनका लागि ७(सात) दिनको म्याद दिई नगर कार्यपालिकाको कार्यालयले सूचना प्रकाशन गरिनेछ ।

(ठ) उपदफा (ट) बमोजिम प्राप्त हुन आएका आवेदकहरुको दरखास्त माथिछानवीन गरी ७(सात)दिन भित्र मुल्यांकन गरी सात दिन भित्र दफा ४ बमोजिमको समितिले स्तर बृद्धिका लागि सिफारीश गर्नु पर्नेछ ।

(ड) समितिको सिफारीश बमोजिम ७ दिन भित्र स्तर बृद्धि गरी पदस्थापन गर्नु पर्नेछ ।

(ढ) स्तर बृद्धि पत्र अनुसूची १ बमोजिम हुनेछ ।

(ण) **स्थानीय सरकार सञ्चालन ऐन** प्रारम्भ हुनु अगावै देखि साविक स्थानीय निकायमा सहायक स्तर/तहमा अस्थायी/करार सेवामा कार्यरत रही अविच्छिन्न रुपमा कामकाज गर्दै आईरहेका कर्मचारीहरुको हकमा नियमावली तयार गरी प्रदेश लोकसेवाको सहमतिमा एक पटकको लागि आन्तरिक प्रतिस्पर्धात्मक परीक्षाबाट स्थायी गरिनेछ ।

**परिच्छेद -३**

**तह तथा स्तर बृद्धि सम्बन्धी व्यवस्था**

४. **तह तथा स्तर बृद्धिका लागि समिति गठन सम्बन्धि व्यवस्था :-** (१) यस ऐन बमोजिम कर्मचारीको तह तथा स्तरबृद्धि गर्न देहाय बमोजीमको एक समिति रहने छ ।

क. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कम्तीमा सातौं/आठौं तह वा अन्य स्थानिय तहको प्रमुख प्रशासकिय अधिकृत -संयोजक

ख. नगर प्रमुखले तोकेको अधिकृत स्तरको कर्मचारी एक जना -सदस्य

ग. प्रशासन शाखा वा अन्य शाखामा प्रशासन सेवाका कार्यरत कर्मचारी -सदस्य सचिव

५. **ज्येष्ठता निर्धारणको आधार :-** तह वा स्तरबृद्धि भएको कर्मचारीहरुको ज्येष्ठता निर्धारण गर्दा तह वा स्तरबृद्धि भएको तह भन्दा अघिल्लो तहमा नियुक्ति वा बढुवा पाउँदा कायम भएको ज्येष्ठतालाई नै ज्येष्ठता निर्धारणको आधार मानिने छ ।

६. **पदस्थापन सम्बन्धी व्यवस्था :-** यस ऐन बमोजिम स्तरबृद्धि भएका कर्मचारीहरुको मिल्दो सेवा समुह/उप समुहको पदमा प्रमुख प्रशासकीय अधिकृत बाट पदस्थापन गर्नुपर्ने छ ।

७. **यस ऐन बमोजिम हुने :-** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको कुरा यसै ऐन बमोजीम हुनेछ ।

८. **खारेजी र बचाउ :-** यस भन्दा अगावै कर्मचारी समायोजन ऐन, २०७५ अनुसार समायोजन भएका अन्य सेवाका कर्मचारीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

## <u>अनुसुची -१</u>

दफा ३ को उपदफा (ढ) सँग सम्बन्धित

स्तर बृद्धि पत्र

मिति:......................

पत्र संख्या :

चलानी नं.

श्री ..........................................

..............................................

विषय : स्तर बृद्धि गरिएको सम्बन्धमा ।

कंचनरुप नगरपालिकाको कर्मचारीको स्तर बृद्धि सम्बन्धी ऐन, २०७८ मा भएको व्यवस्था बमोजीम यस कार्यालयको मिति ....................को निर्णय अनुसार तपाई हाल कार्यरत तहमा काम गरेको अवधिलाई ज्येष्ठता गणना गरी तपसिल बमोजीम स्तर बृद्धि गरिएको छ ।

स्तर बृद्धि हुनु भएकोमा हार्दिक बधाई छ ।

तपसिल :

| हाल कार्यरत रहेको पदको विवरण : | स्तर बृद्धि भएकोपदको विवरण : |
|---|---|
| सेवा :<br>समुह/उपसमुह :<br>पद:<br>तह : | <br>सेवा :<br>समुह /उपसमुह<br>पद :<br>तह: |

................................

प्रमुख प्रशासकिय अधिकृत

<u>बोधार्थ:</u>

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. २, जनकपुरधाम, धनुषा ।

श्री कर्मचारी संचय कोष,त्रिदेवीमार्ग ठमेल, काठमाडौं ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर,काठमाडौं ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय सप्तरी, राजविराज ।

श्री आर्थिक प्रशासन शाखा, कञ्चनरुप नगरपालिका, कंचनपुर सप्तरी

| | |
|---|---|
| प्रमाणित मिति:२०७८ साल श्रावण ०४ गते | आज्ञाले,<br>नवराज खड्का<br>नि. प्रमुख प्रशासकीय अधिकृत |
| | |